नेपाल सरकार
# गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु
## तौलिहवा, नेपाल

मिति: २०८१।०३।०६

## राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा प्रवाहको सूचना

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१।०२।२४ को निर्णय अनुसार पहिलो चरणमा आगामी साउन १ गते देखि सामाजिक सुरक्षा भत्ता तथा नविकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएका २८ वटा जिल्ला मध्ये कपिलवस्तु रहेको कुरा विदितै छ। जसका कारण जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीको चाप बढ्न गएको कारण राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा प्रवाह छिटो, छरितो एवं सहज बनाउनका लागि देहाय अनुसार व्यवस्थापन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ। साथै अन्य स्थानीय तहका सेवाग्राहीले आफुलाई पायक पर्ने जुनसुकै स्थानबाट समेत सेवा लिन सकिनेछ ।

देहाय

क) विजयनगर गाउँपालिका, कृष्णनगर नगरपालिका र शिवराज नगरपालिकाका सबै सेवाग्राहीलाई ईलाका प्रशासन कार्यालय चन्द्रौटाबाट राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा लिने व्यवस्था गरिएको छ ।

ख) कपिलवस्तु नगरपालिका, बुद्धभूमि नगरपालिका र यशोधरा गाउँपालिकाका सेवाग्राहीलाई जिल्ला प्रशासन कार्यालय तौलिहवाबाट सेवा लिने गरी व्यवस्था गरिएको छ ।

ग) बाणगंगा नगरपालिकाका सबै सेवाग्राहीलाई ईलाका प्रशासन कार्यालय बाणगंगाबाट राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा लिने व्यवस्था गरिएको छ ।

घ) शुद्धोधन गाउँपालिका र मायादेवी गाउँपालिकाको सेवाग्राहीलाई मायादेवी गाउँपालिकाको वडा न १ पकडीबाट सेवा लिने गरी व्यवस्था गरिएको छ ।

ङ) महाराजगंज नगरपालिकाका सेवाग्राहीलाई महाराजगंज नगरपालिका भवन महाराजगंजबाट सेवा लिने गरी व्यवस्था गरिएको छ।

च) राष्ट्रिय परिचयपत्र वितरण कार्य हरेक दिन दिउसो २ बजे पश्चात जिल्ला प्रशासन कार्यालय तौलिहवाबाट हुनेछ ।

छ) बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असाहय वा ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभएपनि सामाजिक सुरक्षा भत्ता लिन कुनै बाधा नपर्ने भएकोले सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

ज) राष्ट्रिय परिचयपत्र दर्ता गरी परिचयपत्र नम्बर नभएका सेवाग्राहीले विभागको वेबसाईट www.donidcr.gov.np बाट वा मोबाईलबाट जानकारी लिन N<space> आवेदन नं राखि ३०००१ मा SMS गर्न सकिन्छ।

झ) राष्ट्रिय परिचयपत्र सम्बन्धी कुनै जानकारी आवश्यक भएमा देहायको नम्बरमा सम्पर्क गर्न सकिने छ ।

| फोन नम्बर | WhatsApp नम्बर |
|---|---|
| ०१-४२०००१४ | ९८४७३४६४१२ |
| ०१-४२११५६३ | ९८५१३००५२० |
| ०१-४२००८९४ | ९८५१३१६०३४ |
| टोल फ्रि नम्बर | १६६००१९६६६६ |

शुद्धोधन गाउँपालिका
लबनी, कपिलवस्तु
दर्ता नं.:-
मिति:-

प्रमुख जिल्ला अधिकारी